# राष्ट्रिय बालबालिका नीति, २०८०

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार

# विषयसूची


1. पृष्ठभूमि ........ 1
2. बालबालिकासम्बन्धी राष्ट्रिय नीति,२०६९ को समीक्षा ........ 1
3. वर्तमान स्थिति ........ 1
4. समस्या र चुनौती ........ 3
5. नीतिको आवश्यकता र औचित्य ........ 4
6. दीर्घकालीन सोच ........ 4
7. सोचको परिदृश्य ........ 5
8. लक्ष्य ........ 5
9. उद्देश्य ........ 5
10. नीति ........ 5
11. रणनीति ........ 5
12. कार्यनीतिहरू ........ 6
१३. संस्थागत संरचना ........ 13
१४. स्रोत परिचालन ........ 14
१५. अनुगमन तथा मुल्याङ्कन ........ 14
१६. सम्भावित जोखिम र जोखिम न्यूनीकरणका उपाय ........ 14
१७. खारेजी र बचाउ ........ 15

# राष्ट्रिय बालबालिका नीति,२०८०

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकका रूपमा अङ्गीकार गरी बालबालिकाको उच्चतम हितको व्यवस्था गरिएको छ। विशिष्टीकृत ऐनको रूपमा बालबालिकासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ। समग्रमा बालबालिकाको हक, हित र अधिकारको सुनिश्चितताको लागि बालबालिकासँग प्रत्यक्ष सरोकार भएका शिक्षा, स्वास्थ्य, बाल संरक्षण, बाल सहभागितालगायतका पक्षहरूमा सङ्घ, प्रदेश र स्थानीय तहबाट महत्त्वपूर्ण एवं नतिजामूलक भूमिका निर्वाह हुँदै आएको छ।

संयुक्त राष्ट्र सङ्घको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ लाई सेप्टेम्वर १४, १९९० मा अनुमोदन गरेर नेपालले बालबालिकाको विकास, बाल अधिकारको संरक्षण र बाल सहभागितालगायत बालबालिकाको उच्चतम हित जस्ता विषयहरू सम्बोधन गर्न प्रतिबद्धता जनाएको छ। यस महासन्धिको इच्छाधीन आलेखमध्ये बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० लाई सन् २००६ मा, सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० लाई सन् २००७ मा र निकृष्ट प्रकारका बालश्रम उन्मूलनसम्बन्धी आइ.एल.ओ. महासन्धि १९९९ (नं. १८२) लाई सन् २००४ मा अनुमोदन गरेको छ। यी महासन्धि, इच्छाधीन आलेखलगायत नेपाल सरकारले अनुमोदन गरेका बालबालिकासँग सम्बन्धित संयुक्त राष्ट्र सङ्घीय र अन्तर्राष्ट्रिय अन्य घोषणाहरू कार्यान्वयनमा रहेका छन्।

सङ्घीयताको कार्यान्वयनसँगै बालबालिकाको विषय सम्बोधन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा विभिन्न संयन्त्रहरूको व्यवस्था भएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र शासकीय संरचनाको परिवर्तनसँगै बाल अधिकार र संरक्षणमा नयाँ नयाँ सवाललाई अझ बढी संवेदनशील र नतिजामूखी ढङ्गले सम्बोधन गर्नका लागि बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ लाई पुनरावलोकन गरी राष्ट्रिय बालबालिका नीति, २०८० तर्जुमा गरिएको छ।

## २. बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ को समीक्षा

नेपालले संयुक्त राष्ट्र सङ्घको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ र यस अन्तर्गतका विभिन्न इच्छाधीन आलेखहरू, बालबालिकासम्बन्धी विश्वव्यापी तथा क्षेत्रीय घोषणाहरू एवं तत्कालीन राष्ट्रिय कानूनी व्यवस्थाहरूलाई दृष्टिगत गरी बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ जारी गरी कार्यान्वयनमा ल्याएको छ। यो नीति लागु भएको ११ वर्ष अवधि पूरा भएको छ। यो नीतिले अङ्गिकार गरेका ५८ वटा नीतिहरू मध्ये ४८ वटा नीतिहरूको कार्यान्वयनका लागि कानूनी तथा नीतिगत व्यवस्था गरिएको छ भने अन्य १० वटा नीतिहरूको विभिन्न कार्यक्रमहरूबाट सम्बोधन भइरहेको छ।

नेपालमा सङ्घीय शासन प्रणाली लागु भइसकेपछि सोबमोजिम विभिन्न ऐनहरू तर्जुमा भई लागु भइसकेको छ। बालबालिकाका विविध विषयहरू सम्बोधन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा नयाँ संस्थागत संयन्त्रहरू क्रियाशील रहेका छन्। विगतका क्रियाशील रहेका कतिपय संयन्त्रहरू खारेज भएका छन्। परिवर्तित सन्दर्भमा बाल अधिकार संरक्षण र प्रवर्धनको क्रममा बालबालिकासँग सम्बन्धित नवीनतम समस्या, सवाल र अवसरहरू देखिएका छन्।

## ३. वर्तमान स्थिति

सङ्घ, प्रदेश र स्थानीय तहबाट बालबालिकाको अधिकार सुनिश्चितताका लागि भएका कानूनी, नीतिगत, संरचनागत र कार्यक्रमगत प्रयासको परिणामस्वरूप बालबालिकासँग

सम्बन्धित गुणात्मक र सङ्ख्यात्मक सूचकहरूमा विगतका दशकहरूको तुलनामा उल्लेख्य सुधार भएको देखिएको छ।

बालबालिकाको हक अधिकार संरक्षणका लागि नेपालको संविधान, मुलुकी अपराध संहिता, २०७४; मुलुकी देवानी संहिता, २०७४; बालबालिकासम्बन्धी ऐन, २०७५; श्रम ऐन, २०७४; बालश्रम (निषेध तथा नियमन गर्ने) ऐन, २०५६; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५; जनस्वास्थ सेवा ऐन, २०७५; अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४; अपराध पीडित संरक्षण ऐन, २०७५; सामाजिक सुरक्षा ऐन, २०७५; राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६; बालबालिकासम्बन्धी नियमावली, २०७८ लगायत बालबालिकासँग सम्बन्धित कानून कार्यान्वयनमा रहेका छन्। बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५), राष्ट्रिय शिक्षा नीति, २०७६, पन्ध्रौं योजना एवं दिगो विकासका लक्ष्यहरूमा बालबालिकाको विषयलाई प्राथमिकतामा राखिएको छ। शिक्षा, स्वास्थ्य, बालश्रम, बाल विवाहलगायतका विविध कार्ययोजनाहरू तथा रणनीतिहरू लगायत बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ कार्यान्वयनमा रहेका छन्।

बालबालिकाको विषय सम्बोधनका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा विविध संरचना र संस्थागत व्यवस्थाहरू भएका छन्। सङ्घदेखि स्थानीय तहसम्म बालबालिका लक्षित संयन्त्र र बालमैत्री स्थानीय शासन व्यवस्था सक्रिय रहँदै आएको छ भने बालबालिकासँग सम्बन्धित विषयहरूमा लगानी अभिवृद्धि भइरहेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्थिति प्रतिवेदन (Flash-1), २०७९ अनुसार बालबालिकाको खुद भर्नादर आधारभूत तह (कक्षा १-८) मा ९६.१ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) मा ५७.४ प्रतिशत पुगेको छ। आधारभूत तहदेखि माध्यमिक तहसम्म बालक र बालिकाको भर्ना अनुपात समदरमा पुगेको छ। बालबालिकालाई पूर्व प्राथमिकदेखि उच्च माध्यमिकसम्मको शिक्षा प्रदान गर्नका लागि ३६०३२ विद्यालय (२७३४३ सामुदायिक, ८६८९ संस्थागत) सञ्चालनमा रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार १८ वर्षभन्दा कम उमेरका बालबालिकाको सङ्ख्या ९८,६९,५८३ रहेको छ जुन कुल जनसङ्ख्याको ३३.८४ प्रतिशत हुन्छ। कुल बालबालिकामध्ये बालक र बालिकाको अनुपात क्रमशः ५१.८ प्रतिशत र ४८.२ प्रतिशत रहेको छ। केन्द्रीय तथ्याङ्क विभागबाट गरिएको नेपाल श्रमशक्ति सर्वेक्षण, २०७६ अनुसार १७ वर्षमुनिका करिब २ लाख ८६ हजार बालबालिका संलग्न भएको पाइएको छ भने नेपाल बालश्रम प्रतिवेदन, २०२१ अनुसार ५ देखि १७ वर्ष उमेर समूहका करिब ११ लाख बालबालिका कुनै न कुनै श्रममा संलग्न रहेको पाइएको छ। बालश्रमको सङ्ख्या क्रमशः घट्दो क्रममा रहेको देखिएको छ। पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता ७४ प्रतिशत पुगेको छ।

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण (सन् २०२२) अनुसार नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर प्रतिहजार क्रमशः २१, २८ र ३३ रहेको छ। यसै गरी पाँच वर्षमुनिको उमेरअनुसार उचाइ नपुगेका (पुड्कोपन) भएका बालबालिका २५ प्रतिशत, उमेरअनुसार तौल नपुगेका (अल्पवजन) भएका बालबालिका 19 प्रतिशत र उचाइ अनुसार तौल नपुगेका (ख्याउटेपन) भएका बालबालिका ८ प्रतिशत रहेको छ। पूर्ण खोप पाएका 12 देखि 23 महिनाका बालबालिकाको प्रतिशत ८० रहेको छ। आर्थिक सर्वेक्षण २०७९/80 अनुसार बालबालिकालाई समेत स्वास्थ्य सेवा प्रदान गर्नका लागि विशिष्टीकृत अस्पतालसमेत गरी १५४ अस्पताल, १९६ प्राथमिक स्वास्थ्य केन्द्र, ३,८५३ स्वास्थ्य चौकी, ४२४ आयुर्वेदिक अस्पताल, २,९७१ उपस्वास्थ्य चौकी गरी ७,५९८ स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेका छन्।

यसका अतिरिक्त गम्भीर कुपोषण प्रभावित बालबालिकाका लागि २१ जिल्लामा पोषण पुनर्स्थापना गृह सञ्चालनमा रहेका छन्।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ लागु भएपश्चात् सोहीअनुसार स्थानीय तह र वडाहरूले बालमैत्री स्थानीय तह एवं बालमैत्री वडा घोषणा गर्ने कार्यक्रमलाई अगाडि बढाइरहेका छन्। हराएका, बेवारिस फेलापरेका, बेचविखन तथा ओसारपसारमा परेका, सडकमा आश्रित तथा जोखिमपूर्ण कार्यमा संलग्न रहेका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा (निःशुल्क टेलिफोन नं १०४) देशभरका सबै जिल्ला प्रहरी कार्यालयहरूमा सञ्चालनमा रहेको छ भने राष्ट्रियस्तरमा काठमाडौँमा एवं कोशी, मधेस र लुम्बिनी प्रदेशमा प्रदेशस्तरीय बालबालिका खोजतलास सेवा सञ्चालनमा रहेको छ। हिंसा, दुर्व्यवहारमा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि विभिन्न गैर सरकारी संस्थाहरूसँगको सहकार्यमा बाल हेल्पलाइन सेवा (निःशुल्क टेलिफोन नं. १०९८) देशभरीका ७७ जिल्लामा पहुँच पुग्नेगरी हाललाई १८ स्थानबाट सञ्चालनमा रहेको छ। हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण तथा पुनर्स्थापनाका लागि प्रहरी एकाइहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना तथा सञ्चालन भएको छ। जोखिममा रहेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा हिंसा, दुर्व्यवहारमा परेका बालबालिकाको उद्धारपछिको पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना नहुञ्जेलसम्मका लागि अस्थायी संरक्षण सेवा प्रदान गर्न विभिन्न गैर-सरकारी संस्थाहरूसँगको सहकार्यमा अस्थायी संरक्षण सेवाको प्रबन्ध गरिएको छ। वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि वैकल्पिक स्याहार सेवा प्रदान गर्न परिवारमा आधारित हेरचाह गर्ने संस्था तथा बालगृहहरू सञ्चालनमा रहेका छन्। लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित महिला तथा बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापनका लागि ७७ जिल्लाका ९४ वटा अस्पतालमा, अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनमा रहेको छ। जोखिममा परेका महिला तथा बालिकाहरूको आपतकालीन उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि राष्ट्रिय महिला आयोगमार्फत हेल्पलाइन सेवा "११४५" सञ्चालनमा रहेको छ। आत्महत्या रोकथाम तथा न्यूनीकरणका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आत्महत्या हेल्पलाइन नं. ११६६ सञ्चालनमा ल्याएको छ। कानूनी विवादमा परेका बालबालिकालाई अदालतको आदेशानुसार अस्थायी संरक्षण तथा पुनःस्थापना सेवा प्रदान गर्न विभिन्न ८ स्थानहरूमा बाल सुधार गृह सञ्चालनमा रहेको छ।

सूचना व्यवस्थापन सुधार गर्ने क्रममा बाल अधिकार सूचना व्यवस्थापन प्रणाली तथा बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणालीको विकास गरिएको छ। सडक बालबालिकामुक्त राष्ट्रिय अभियानअन्तर्गत २०७९ फागुन मसान्तसम्म २०८४ जना सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएको छ भने सडक बालबालिकामुक्त राष्ट्र घोषणाका लागि आधार तयार गरिएको छ। वि.सं. २०६८ जेष्ठ ११ गते विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका लागि विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ तर्जुमा भइ विद्यालय शान्ति क्षेत्र अभियान, बालश्रममुक्त स्थानीय तह, बालविवाहमुक्त पालिका, पोषणमैत्री स्थानीय शासन जस्ता राष्ट्रिय अभियानहरू सञ्चालनमा रहेका छन्।

## 4. समस्या र चुनौती

सबै किसिमका बालबालिकाको पहिचान तथा जन्मदर्ताको अधिकार सुनिश्चित हुन नसक्नु, विद्यालयमा बालबालिकाको शत प्रतिशत भर्ना नहुनु तथा बालबालिकाको विद्यालय छोड्ने दर

कायम रहनु, बाल अदालतको गठन हुन नसक्नु, कानूनी विवादमा परेका बालबालिकाको दिशान्तर प्रक्रिया प्रभावकारी हुन नसक्नु, बालमैत्री निगरानी कक्ष, बालसुधार गृह जस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउन नसक्नु समस्याका रूपमा रहेका छन्। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको पहिचान तथा खण्डीकृत तथ्याङ्क नहुनु, बालबालिकामा गरिने भेदभावलगायतका कार्यलाई प्रभावकारी ढङ्गले नियमन र कारबाहीको दायरामा ल्याउन नसक्नु, बालक र बालिकाहरू विरूद्धको यौनहिंसा र दुर्व्यवहार एवं अनलाइन तथा इन्टरनेटमार्फत बालबालिका विरूद्ध हुने शोषण र दुर्व्यवहार अन्त्य हुन नसक्नु, सबै स्थानीय तहसम्म सुलभ र सहज बाल स्वास्थ्य सेवा सञ्चालनमा आउन नसक्नु, अपाङ्गता भएका बालबालिकाको उपचारात्मक, सुधारात्मक तथा हेरचाहको व्यवस्था पर्याप्त मात्रामा हुन नसक्नु, संस्थागत रूपमा बाल सहभागिता सुनिश्चित हुन नसक्नु, बाल अधिकार तथा बाल संरक्षणसम्बन्धी कार्यमा सरकारी र गैरसरकारी निकायबिच समन्वयको कमी हुनु, समस्या सम्बोधनका लागि संस्थागत क्षमता अभिवृद्धि गर्न नसक्नु जस्ता समस्या विद्यमान छन्।

सङ्घ, प्रदेश र स्थानीय तहबाट बालबालिकाको क्षेत्रमा कार्य गर्न पर्याप्त साधन स्रोत (बजेट, जनशक्ति) को व्यवस्था तथा परिचालन गर्नु, बाल अधिकार तथा संरक्षण प्रणाली सुदृढ गर्नु, अधिकारको उपभोगबाट वञ्चितिकरणमा परेका सबै बालबालिकालाई सेवा सुविधाको पहुँचमा ल्याउनु चुनौतीको रूपमा रहेको छ। प्रारम्भिक बालविकास र विद्यालयमा बालमैत्री वातावरण विकास गर्नु, अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको अधिकार संरक्षण र प्रवर्धन गर्नु, बालबालिकाको अनलाइन सुरक्षा सुनिश्चित गर्नु, बाल विवाह, वैकल्या जस्ता प्रथाको अन्त्यलगायतका कार्यहरू थप चुनौतीका रूपमा रहेका छन्। साथै; सबै स्थानीय तह, सार्वजनिक पूर्वाधार तथा संरचनालाई बालमैत्री बनाउनु, बालबालिकासँग सम्बन्धित खण्डीकृत सूचना व्यवस्थापन स्थानीय तहदेखि सङ्घसम्मको संरचनामा व्यवस्थित गर्नुजस्ता चुनौतीहरूसमेत विद्यमान छन्।

## ५. नीतिको आवश्यकता र औचित्य

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक कार्यान्वयनलाई प्रभावकारी बनाउन, दिगो विकासको लक्ष्य प्राप्तिका लागि पहुँच र अवसर प्रदान गरी बालमैत्री वातावरण कायम गरी नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पूरा गरी बाल अधिकारको संरक्षण एवं प्रवर्धन गर्न राष्ट्रिय बालबालिका नीति आवश्यक रहेको छ।

यो नीतिले सार्वजनिक, निजी, सहकारी, गैरसरकारी संस्था, सामुदायिक संस्थालगायतका क्षेत्रमा बालमैत्री सेवा र व्यवहारको विकास गर्न सहयोग पुऱ्याउने छ। यसैगरी बालबालिकासम्बन्धी योजना एवं कार्यक्रममा सामञ्जस्यता ल्याउन, विशेष संरक्षणको आवश्यकता भएका तथा हिंसा र दुर्व्यवहारमा परेका बालबालिकालाई संरक्षण सेवा प्रदान गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहको संस्थागत संरचनालाई व्यवस्थित गरी बालअधिकारको संरक्षण, प्रवर्धन तथा बाल संरक्षण प्रणाली सुदृढ गर्न यो नीतिले सहयोग गर्नेछ।

## ६. दीर्घकालीन सोच

बाल अधिकार सुनिश्चित बालमैत्री राष्ट्र निर्माण।

**7. सोचको परिदृश्य**

बालबालिकाको अधिकारको सुनिश्चितताका लागि आर्थिक र सामाजिक रूपान्तरण गर्दै बालमैत्री वातावरण कायम गरी बालबालिकालाई सक्षम र योग्य नागरिकको रूपमा तयार गर्ने।

**8. लक्ष्य**

प्रत्येक बालबालिकाको उच्चतम हितलाई ध्यानमा राख्दै सर्वाङ्गीण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने।

**9. उद्देश्य**

९.१ बाल अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु।

९.२ बालमैत्री वातावरण सिर्जना गर्नु।

९.३ बालबालिका विरुद्ध हुने शारीरिक र मानसिकलगायत सबै प्रकारका हिंसा विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु।

**10. नीति**

१०.१ बाल अधिकार सुनिश्चितताका लागि बाल अधिकार विषयलाई मूलप्रवाहीकरण गर्दै कानूनी, नीतिगत एवं संरचनागत व्यवस्था सुदृढ गर्ने। (९.१)

१०.२ परिवार, समुदाय, संस्थागत तथा शासकीय तहमा बाल सहभागिता प्रवर्धन गर्ने। (९.२)

१०.३ सबै बालबालिकाको लागि पोषण, प्रारम्भिक बाल विकास, शिक्षा, स्वास्थ्य, खेलकुद तथा समग्र व्यक्तित्व विकासको वातावरण निर्माण गर्ने। (९.२)

१०.४ विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षण गर्ने। (९.३)

**11. रणनीति**

११.१ बालबालिकासम्बन्धी कानूनलाई आवश्यकता अनुसार सामयिक परिमार्जन वा नयाँ कानून तर्जुमा गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने। (नीति-१०.१)

११.२ सङ्घ, प्रदेश र स्थानीय तहमा बाल अधिकार, बालसंरक्षण तथा बालन्यायसम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने। (नीति-१०.१)

११.३ विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका, हिंसा तथा दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने। (नीति-१०.२)

११.४ जोखिममा रहेका बालबालिकालाई जोखिम न्यूनीकरणका लागि सचेतना तथा उपलब्ध सेवा सुविधामा बालबालिकाको पहुँच बढाउने। (नीति-१०.२)

११.५ धर्म, संस्कृति तथा परम्पराको नाममा हुने हरेक प्रकारका हानिकारक अभ्यासहरूको अन्त्य गर्ने। (नीति-१०.२)

११.६ बालबालिकालाई हुने शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, ओसारपसार तथा बेचबिखनको अन्त्य गर्न सङ्घ, प्रदेश, स्थानीय तह र समुदायका सरोकारवाला समेतलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने। (नीति-१०.२)

११.७ बालबालिकाको समग्र व्यक्तित्व विकासका लागि संरचनागत तथा सेवा प्रवाहमा सुधारका लागि सम्बद्ध निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने। (नीति-१०.३)

११.८ बालबालिकासँग सरोकार राख्ने कार्य तथा निर्णय गर्दा बालबालिकाको सहभागिता र विचारको सुनुवाइ हुने व्यवस्था गर्ने। (नीति-१०.४)

११.९ बालबालिकाको सर्वोत्तम विकासका लागि पोषण योजना कार्यान्वयन गरी कुपोषण न्यूनीकरण गर्ने। (नीति-१०.३)

**12. कार्यनीतिहरू**

**रणनीति 11.१: बालबालिकासम्बन्धी कानूनलाई आवश्यकताअनुसार सामयिक परिमार्जन वा नयाँ कानून तर्जुमा गरी तिनको प्रभावकारी कार्यान्वयन गर्ने।**

**12.1 कार्यनीति:**

12.1.1 नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानूनअनुरूप मौजुदा कानूनहरूमा सुधार र परिमार्जन गरिनेछ।

12.1.2 नेपालभित्र वा वाहिर बेचबिखन तथा ओसारपसारमा परेका, बेवारिसे भएका, श्रम शोषणलगायतका कसुरबाट पीडित नेपाली बालबालिकाको उद्धार र सकुशल स्वदेशफिर्ती, पुर्स्थापना तथा पुनर्एकीकरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

12.1.3 बालबालिकालाई नकारात्मक असर पर्ने गरी श्रव्य, दृश्य, अन्तरक्रियात्मक डिजिटल खेल, मनोरञ्जनका सामग्री, गीत, सङ्गीत, नाटक, चलचित्र, विज्ञापन, कार्टुनजस्ता सामग्रीहरूमा लैङ्गिक विभेद र भेदभावलाई प्रवर्धन गर्ने, अश्लीलता झल्काउने, हिंसा भड्काउने, निश्चित समुदायप्रति घृणा प्रवर्धन गर्नेजस्ता कार्यलाई निषेध गरिनेछ।

12.1.4 बालबालिकाविरुद्ध हुने बलात्कारजस्ता जघन्य अपराधमा उजुरी गर्दा हदम्यादसम्बन्धी व्यवस्थामा सुधार गरिनेछ।

12.1.5 लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको विशेष संरक्षणको लागि आवश्यक कानूनी सुधार गरिनेछ।

12.1.6 बालबालिका सहभागी हुने खेलकुद, मनोरञ्जन, कार्यक्रम, भेला, सभा, सम्मेलन तथा प्रतिस्पर्धात्मक कार्यक्रमहरूमा अनिवार्य बाल संरक्षण मापदण्ड लागु गरिनेछ।

12.7 विद्यालय तथा बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थामा बाल संरक्षण मापदण्ड लागु गर्ने व्यवस्था मिलाइनेछ।

12.1.8 बालसंरक्षणसम्बन्धी विषयको प्रभावकारी कार्यान्वयन र एकरूपताका साथ सम्बोधनका लागि बालसंरक्षणसम्बन्धी एकिकृत कार्यविधि तर्जुमा गरी लागु गरिनुका साथै आवश्यकता अनुसार विषयगत कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ।

12.1.9 राजनीतिक दलका घोषणापत्रमा बाल अधिकारसम्बन्धी विषय समावेश गरी बालबालिकालाई र्‍याली, जुलुस धर्नाजस्ता राजनीतिक गतिविधिमा संलग्न गराउने कार्यलाई निषेध गर्न राजनीतिक दल तथा राजनीतिक दलका भातृ सङ्गठन र सामुदायिक संस्थासँगको सहकार्यलाई अघि बढाइनेछ।

12.1.10 बाल अधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिका लागि विश्वव्यापी, अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्न, बालबालिकामा

द्विपक्षीय तथा बहुपक्षीय लगानी सुनिश्चितताका साथै लगानी विश्लेषणका लागि समेत बाल बजेट कोड सञ्चालनमा ल्याइनेछ।

**रणनीति 11.२: सङ्घ, प्रदेश र स्थानीय तहमा बाल अधिकार, बालसंरक्षण तथा बालन्यायसम्बन्धी संस्थागत संरचना तथा संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्ने।**

**12.2 कार्यनीति:**

12.2.1 राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति तथा स्थानीय बाल अधिकार समितिको कार्यलाई प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गरिनेछ। साथै राष्ट्रिय बाल अधिकार परिषद्लाई विशिष्टीकृत बाल अधिकार निकायको रूपमा सुदृढीकरण गरिनेछ। बाल अधिकार अनुगमन प्रणालीलाई सुदृढीकरण गरिनेछ।

12.2.2 बालबालिका खोजतलास सेवा (निःशुल्क टेलिफोन नं. १०४) र बाल हेल्पलाइन सेवा (निःशुल्क टेलिफोन नं. १०९८) को पहुँच सहजरूपमा देशभर पुऱ्याउन आवश्यकता अनुसारका स्थानमा यी सेवा विस्तार गरी प्रभावकारी परिचालन गरिनेछ।

12.2.3 विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, हिंसा, शोषण तथा जोखिमको उजुरी गर्ने अनलाइन तथा अफलाइन उजुरी प्रणालीको सरल र सहज व्यवस्थापन गरिनेछ।

12.2.4 बालअधिकार संरक्षण र संवर्धनका लागि सङ्घ, प्रदेशमा कार्यरत जनशक्तिका साथै स्थानीय तहका बाल कल्याण अधिकारी, समाजसेवी, बाल मनोविज्ञ तथा प्रोवेशन अधिकारीको क्षमता अभिवृद्धि गरिनेछ।

12.2.5 बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी तथा सामाजिक संस्थालाई बालअधिकार संरक्षण र प्रवर्धन गर्ने कार्यमा प्रभावकारी रूपमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

12.2.6 सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वयात्मक रूपले बालबालिकासम्बन्धी खण्डीकृत सूचना प्रणाली तथा बाल संरक्षण घटना व्यवस्थापन प्रणाली स्थापना र सञ्चालन गरिनेछ।

12.2.7 कसूरबाट पीडित तथा कानूनी विवादमा परेका बालबालिकालाई न्यायप्रदान गर्न बाल अदालतको स्थापना गरी द्रुत न्यायप्रणाली सञ्चालनमा ल्याइनेछ।

12.2.8 प्रत्येक जिल्लामा बालमैत्री निगरानी कक्षको स्थापना र सबलीकरण गरिनेछ।

12.2.9 बालबालिकाको हक तथा अधिकार कार्यान्वयन गराउन स्थानीय न्यायिक समितिलाई सक्रिय एवं क्रियाशील बनाइनेछ।

12.2.10 कानूनी विवादमा परेका बालबालिकाको दिशान्तर प्रक्रियालाई प्रभावकारी बनाइनेछ। बाल सुधार गृहको स्तरोन्नति गरी बालमैत्री बनाइनेछ।

12.2.11 नेपाल बाल सङ्गठन तथा बालमन्दिरलगायत बालबालिकालाई अस्थायी सेवा प्रदान गर्ने सेवा प्रदायकका भौतिक पूर्वाधार तथा संरचनालाई बालबालिकाको संरक्षण र प्रवर्धन कार्यमा प्रयोग गरिनेछ।

**रणनीति 11.३: विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, हिंसा तथा दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने।**

**12.3 कार्यनीति:**

12.3.1 बाल संरक्षणसम्बन्धी प्रभावकारी तथा समन्वयात्मक सेवा प्रवाहका लागि बाल संरक्षण संयन्त्रबिचको समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ।

12.3.2 विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका र हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि स्थानीय तहमा बाल कोषको स्थापना र परिचालनमा जोड दिइनेछ। बाल संरक्षण तथा पुनर्स्थापनाका क्षेत्रमा स्थानीय र प्रदेश सरकारको लगानीलाई प्रोत्साहित गरिनेछ।

12.3.3 विपन्न, दलित, अपाङ्गता भएका, कसूरबाट पीडित तथा प्रभावित, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलगायतका बालबालिकाविरुद्ध विभेद गर्ने एवं लाञ्छना लगाउनेजस्ता कार्यलाई कानूनी दायरामा ल्याउन सहजीकरण गर्ने तथा यसको अन्त्यका लागि सचेतना अभिवृद्धि गरिनेछ।

12.3.4 हिंसा, दुर्व्यवहार र कसूरबाट पीडित तथा प्रभावित, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई राज्यबाट विशेष राहत, उद्धार, क्षतिपूर्ति, तत्काल संरक्षण तथा व्यवस्थापन, उपचार सहायतालगायतका सेवा सुविधाको व्यवस्था गरिनेछ।

12.3.5 अटिजमलगायत सबै किसिमका अपाङ्गता भएका बालबालिकालाई विशेष संरक्षण र विकास गर्नका लागि रोकथाममूलक, उपचारात्मक र प्रवर्धनात्मक कार्यमा थप जोड दिइनेछ। अपाङ्गता भएका बालबालिकालाई परित्याग गर्ने, बेवास्ता गर्ने वा घरमा नै थुनेर राख्नेजस्ता कार्यको अन्त्यका लागि सचेतना अभिवृद्धि गरिनेछ।

12.3.6 बालगृहहरूको नियमित अनुगमन गरी कानूनविपरीत बालगृहमा राखिएका बालबालिकाको उद्धार तथा व्यवस्थापन गरिनेछ। बालबालिकालाई कानूनविपरीत ओसारपसार गर्ने व्यक्ति एवं संस्थालाई कानूनी दायरामा ल्याइनेछ।

12.3.7 सङ्घ, प्रदेश र स्थानीय तहबाट सडक बालबालिका, बालश्रमिक, लागूऔषध र अन्य दुर्व्यसनमा लागेका बालबालिकाको पुनर्स्थापनाका लागि निजीक्षेत्र, गैरसरकारी सङ्घसंस्था तथा समुदायसँग समन्वय तथा सहकार्य गरी निरोधात्मक, उपचारात्मक, मनोविमर्शात्मक उपायका साथै सिपमूलक तालिम तथा पुनर्स्थापनालगायतका कार्य सञ्चालन गरिनेछ।

12.3.8 सबै प्रकारका बालश्रम निवारणका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

12.3.9 बालबालिकालाई अनलाइनबाट हुनसक्ने दुर्व्यवहारबाट सुरक्षित गर्न सचेतना तथा मनोविमर्श सेवा सञ्चालन गरिनेछ। विद्यालयको पाठ्यक्रममा विद्युतीय माध्यमबाट हुनसक्ने दुर्व्यवहारका विषय समावेश गरिनेछ।

12.3.10 बाबुआमा तथा अभिभावकविहीन र हेरचाह गर्ने कोही पनि नभएका, विपन्न एकल अविभावकका बालबालिका, कैद सजाय भोगिरहेका अविभावकसँग आश्रित बालबालिका, बाबुआमा फेला पर्न नसकेका बालबालिकाको अविभावकत्व सरकारले ग्रहण गरी वैकल्पिक स्याहार तथा आवश्यक संरक्षणका लागि पारिवारिक सहयोगको व्यवस्था गरिनेछ।

12.3.11 बाबुआमा गुमाएका वा बेवारिसे भएका बालबालिकालाई स्वदेशमा धर्मपुत्र धर्मपुत्रीको रूपमा राख्ने कार्यलाई प्रोत्साहन गरिनेछ। धर्मपुत्र धर्मपुत्रीसम्बन्धी प्रक्रियालाई पारदर्शी तथा बालबालिकाको सर्वोत्तम हित अनुकूल हुने गरी व्यवस्थित गरिनेछ।

12.3.12 विपद्को समयमा बाल संरक्षण, पूर्वतयारी तथा प्रतिकार्य प्रणाली प्रभावकारी बनाइनेछ।

12.3.13 नेपालभित्र फेलापरेका कसूर पीडित तथा बेवारिसे विदेशी बालबालिकालाई निजको आफ्नो देश फिर्तिका लागि समन्वय र सहजीकरण गरिनेछ।

12.3.14 बालबालिकामा मद्यपान, धुम्रपान, सुर्तीजन्य पदार्थको सेवनजस्ता कुलतको प्रभाव पर्न नदिन विद्यालय, बालगृह, अस्थायी संरक्षण केन्द्र, बाल सुधार गृहको पाँचसय मिटरको क्षेत्रमा त्यस्ता वस्तुको सेवन तथा बेचबिखनलाई निषेध गरिनेछ। बालबालिकालाई मद्यपान, धुम्रपान, सुर्तीजन्य पदार्थको बेचबिखनमा संलग्न हुन पूर्ण रूपमा निषेध गरिनेछ। यस्तो कार्यमा संलग्न गराउनेलाई कानूनी दायरामा ल्याइनेछ।

**रणनीति 11.४: जोखिममा रहेका बालबालिकालाई जोखिम न्यूनीकरणका लागि सचेतना तथा उपलब्ध सेवा सुविधामा बालबालिकाको पहुँच बढाउने।**

**12.4 कार्यनीति**:

12.4.1 सबै बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गर्न जन्मदर्ता र नागरिकता प्राप्त गर्ने प्रक्रिया सरल र सहज बनाइनेछ।

12.4.2 बालबालिकाको जोखिम नक्साङ्कन प्रणाली र सूचकको निर्माण गरी जोखिम नक्साङ्कनको आधारमा सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।

12.4.3 जोखिममा रहेका बालबालिकाको जोखिम न्यूनीकरणका लागि स्थानीय तहको बालकोषको परिचालन गरिनेछ।

12.4.4 बालबालिकाको आवागमनलाई सुरक्षित गर्न सीमा नाका, बसपार्क तथा सहरका प्रवेशद्वारमा प्रहरीबाट हुने चेकजाँचलाई बालमैत्री तथा बाल संरक्षण लक्षित बनाइनेछ।

12.4.5 आर्थिक, सामाजिक, सांस्कृतिक र शारीरिक कारणले कठिन अवस्थामा रहेका तथा विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका, बहुविभेदका शिकार भएका बालबालिकालक्षित सामाजिक सुरक्षा कार्यक्रमको विस्तार गरिनेछ।

12.4.6 लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाले प्रचलित कानूनबमोजिम प्राप्त गर्ने कागजात आफ्नो लैङ्गिक पहिचान खुल्ने गरी पाउने व्यवस्था गर्न सहजीकरण गरिनेछ।

12.4.7 लिङ्ग पहिचान गरी कानूनविपरीत गरिने गर्भपतनलाई कानूनी दायरामा ल्याइनेछ। यस्तो कार्य गर्ने गराउने विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

12.4.8 गर्भमा रहेका तथा शिशु अवस्थाका बालबालिकाको आधारभूत स्याहारका विषय र बालबालिकाले पाउनुपर्ने आधारभूत खाना, पोषण, शिक्षा, स्वास्थ्य, आवास, खोप जस्ता उपलब्ध सेवासुविधाको उपभोगका लागि गरिबी, भौगोलिक विकटता, सचेतनाको कमी, सेवा सुविधाको कमी, पारिवारिक विखण्डनजस्ता कारणबाट वञ्चित हुनुनपर्ने गरी आवश्यक सेवा सुविधामा पहुँच अभिवृद्धि गरिनेछ।

12.4.9 विपद्को समयमा बालबालिकाको जोखिम मुल्याङ्कन, सेवा प्रवाहको व्यवस्था र संरक्षण तथा अनुगमनका लागि स्थानीय स्तरमा बाल संरक्षण समूहको गठन गरी स्वयंसेवक परिचालन गरिनेछ।

**रणनीति 11.५: धर्म, संस्कृति तथा परम्पराको नाममा हुने हरेक प्रकारका हानिकारक अभ्यासहरूको अन्त्य गर्ने।**

**12.3 कार्यनीति**:

12.3.1 बालविवाहलगायत छाउपडी, देउकी, झुमाजस्ता प्रथा, परम्पराका नाममा हुने हानिकारक अभ्यासको अन्त्यका लागि सङ्घ, प्रदेश, स्थानीय तह, सञ्चार माध्यम, निजी क्षेत्र, सामाजिक अगुवा, समुदायमा आधारित संस्था तथा सञ्जालको प्रभावकारी परिचालन गरिनेछ।

12.3.2 परम्परागत हानीकारक अभ्यासलगायत बालविवाहसम्बन्धी घटनाको सूचना, जानकारी वा उजुरी प्रक्रियालाई सरलीकृत बनाइनेछ।

12.3.3 बालविवाहलगायत परम्परागत हानिकारक अभ्यासको कारण जोखिममा परेका बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गरिनेछ।

12.3.4 छाउपडी प्रथाजस्ता हानीकारक अभ्यासको कारण बालबालिकामा हुनसक्ने स्वास्थ्य समस्याको बारेमा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

12.3.5 बालविवाहका कारणको पहिचान गरी निरोधात्मक कार्य स्थानीय तहको सक्रियतामा सञ्चालन गरी बालविवाह मुक्त स्थानीय तह घोषणा गर्न उत्प्रेरित गरिनेछ।

12.3.6 प्रदेश सरकार र स्थानीय तहको सक्रियतामा बीस वर्ष पुगेपछि मात्र विवाह गर्न किशोरीहरूलाई उत्प्रेरित गर्ने कार्यक्रम प्रभावकारी रूपमा सञ्चालनमा ल्याइनेछ।

12.3.7 बालबालिकाले आफूखुसी गर्ने विवाहलाई नियन्त्रण गर्न बाल क्लब वा सञ्जाल एवं किशोरकिशोरी सञ्जालको परिचालन गरी दौँतरी शिक्षालाई प्रोत्साहन गरिनेछ।

12.3.8 सन् २०३० सम्म बालविवाह अन्त्यका लागि मौजुदा रणनीतिमा परिमार्जन गरी लगानीसहितको कार्यान्वयन कार्ययोजना तर्जुमा गरिनेछ।

12.3.9 बलात्कार, बाध्यात्मक बसाइसराइ, बालश्रम तथा बेचबिखनजस्ता सवालसमेत बाल विवाहसँगै जोडिएर आउने भएकोले यस्तो कार्य गर्ने, गराउने, प्रोत्साहन गर्ने वा बाल विवाहमा सहभागी हुनेसमेतलाई कानूनी दायरामा ल्याइनेछ।

**रणनीति 11.६: बालबालिकालाई हुने शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, ओसारपसार तथा बेचबिखनको अन्त्य गर्न सङ्घ, प्रदेश, स्थानीय तह र समुदायका सरोकारवाला समेतलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने।**

**12.4 कार्यनीति**:

12.4.1 शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, बालबालिकाको ओसारपसार तथा बेचबिखनको अन्त्यका लागि सङ्घ, प्रदेश, स्थानीय तहका बाल अधिकार तथा संरक्षण संयन्त्रहरू, सञ्चार माध्यम, निजी क्षेत्र, समुदायमा आधारित संस्था तथा सञ्जालको प्रभावकारी परिचालन गरिनेछ।

12.4.2 स्थानीय तहमा नै शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, बालबालिकाको ओसारपसार तथा बेचबिखनसम्बन्धी घटनाको सूचना, जानकारी वा उजुरी दिन व्यक्ति, परिवार, समुदाय वा जोसुकैलाई प्रोत्साहन गरिनेछ र प्रतिकार्य चुस्त दुरुस्त बनाइनेछ।

12.4.3 शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, बालबालिकाको ओसारपसार तथा बेचबिखनका कारण जोखिममा परेका बालबालिकाको तत्काल संरक्षणको व्यवस्था मिलाई कानूनी प्रतिरक्षा गरिनेछ।

12.4.4 बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाउने व्यवस्थाको सुनिश्चितता गरिनेछ।

12.4.5 शारीरिक दण्ड सजाय तथा बालश्रमबाट बालबालिकामा हुनसक्ने जोखिम तथा हानिको बारेमा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

12.4.6 सबै स्थानीय तहलाई बालश्रममुक्त स्थानीय तह बनाउदै लगिनेछ। बालबालिका विरुद्धको विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार अन्त्यका लागि अनलाइन बाल सुरक्षासम्बन्धी निर्देशिका तर्जुमा गरी लागु गरिनेछ।

12.4.7 जुनसुकै कारणले विस्थापित बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गरी उनीहरूलाई आधारभूत सुविधामा पहुँच सहज बनाइनेछ।

**रणनीति 11.७: बालबालिकाको समग्र व्यक्तित्व विकासका लागि संरचनागत तथा सेवाप्रवाहमा सुधारका लागि सम्बद्ध निकाय तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने।**

**12.5 कार्यनीति:**

12.5.1 सङ्घ, प्रदेश र स्थानीय तहको वार्षिक विकास कार्यक्रम एवं बजेट बालबालिकामैत्री बनाउने, प्रदेश तथा स्थानीय तहबाट वार्षिकरूपमा विनियोजन हुने बजेटमा बालबालिकाको लागि निश्चित प्रतिशत रकम छुट्याई उनीहरूको शिक्षा, स्वास्थ्य र खेलकुदजस्ता क्षेत्रमा लगानी बढाउन उत्प्रेरित गरिनेछ।

12.5.2 प्रारम्भिक बालविकासमा सबै बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ। स्थानीय तहसँगको समन्वयमा समुदायस्तरमा दिवा शिशुस्याहार केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ।

12.5.3 आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यामिक तहसम्मको शिक्षा नि:शुल्क बनाइनेछ। बालबालिकाले मातृभाषामा आधारभूत तहको शिक्षा पाउने व्यवस्था सुनिश्चित गरिनेछ। बालबालिकाको शिक्षण सिकाइ प्रभावकारी बनाउन नयाँ प्रविधि र प्रक्रिया अवलम्बन गरिनेछ।

12.5.3 बालबालिकाले विद्यालय छाड्ने दर घटाइनेछ। बिचमा विद्यालय छाडेका र विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाको सिकाइको लागि वैकल्पिक शिक्षा तथा सिपमूलक तालिमको व्यवस्था मिलाइनेछ।

12.5.4 बालबालिकालक्षित चलचित्र, गीत, सङ्गीत, नाटक, कला, साहित्य, विज्ञान, प्रविधि खेलकुद, मनोरञ्जनजस्ता विधामा बालबालिकाको सिर्जनात्मक प्रतिभा विकासका कार्यलाई प्रोत्साहन गरिनेछ।

12.5.5 विद्यालय, विश्वविद्यालयका शैक्षिक पाठ्यक्रम तथा तालिम प्रदायक निकायका तालिम पाठ्यक्रममा बाल अधिकार, बालबालिकासम्बन्धी कानून, यौन तथा प्रजनन स्वास्थ्यका विषय समावेश गरिनेछ।

12.5.6 बालबालिकालाई असल नागरिक बनाउन विद्यालय तथा समुदायस्तरमा नैतिक तथा नागरिक शिक्षा प्रवर्धन गरिनेछ। बालबालिकालाई सक्षम नागरिक बनाउन जीवन उपयोगी शिक्षालाई प्रोत्साहन गरिनेछ।

12.5.7 विद्यालयबाहिर रहेका बालबालिकालाई अनिवार्य विद्यालय भर्नाका लागि विद्यालय नपठाउने अभिभावकलाई स्थानीय तहमार्फत प्रोत्साहन एवं सहजीकरण गरिनेछ।

12.5.8 बालबालिकालाई हुने दीर्घ रोगको निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ।

12.5.9 अपाङ्गता भएका बालबालिकाले प्रयोग गर्ने सहायक सामग्री र पाठ्य सामग्री निःशुल्क उपलब्ध गराइनेछ।

12.5.10 बालबालिकाले प्रयोग गर्ने विभिन्न किसिमका खेलौना तथा शैक्षिक सामग्री बालबालिकाको स्वास्थ्यमा प्रतिकूल नहुने सुनिश्चितताका लागि आवश्यक मापदण्ड निर्धारण गरिनेछ।

12.5.11 आवश्यक मापदण्ड निर्धारण गरी भौतिक पूर्वाधार बालबालिका तथा अपाङ्गतामैत्री हुने गरी निर्माण गरिनेछ। सञ्चालनमा रहेका भौतिक पूर्वाधारलाई सुधार गरी बालबालिका तथा अपाङ्गतामैत्री बनाइनेछ।

12.5.12 बालबालिकालाई परिवारमा नै बालमैत्री वातावरणमा हुर्कने वातावरण निर्माणका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति 11.८: बालबालिकासँग सरोकार राख्ने कार्य तथा निर्णय गर्दा बालबालिकाको सहभागिता र विचारको सुनवाइ हुने व्यवस्था गर्ने।**

**12.6 कार्यनीति:**

12.6.1 बालबालिकाको समूह (बाल क्लब तथा बाल सञ्जाल) को दर्ता एवं नवीकरण प्रक्रियालाई सरल र व्यवस्थित बनाइनेछ।

12.6.2 बाल क्लब तथा बाल सञ्जालको अनुभव भएका युवाहरूलाई स्वयंसेवक समूहको रूपमा देशव्यापी परिचालन गरी बाल क्लब तथा बाल सञ्जाललाई बाल अधिकार संरक्षण तथा प्रवर्धनसम्बन्धी कार्यमा सक्रिय बनाइनेछ।

12.6.3 सङ्घ, प्रदेश र स्थानीय तहले बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने नीति, योजना, कार्यक्रम तर्जुमा गर्दा बालबालिकाको सहभागिता अभिवृद्धि गरी उनीहरूको विचार र भावनालाई प्राथमिकता दिइने व्यवस्था मिलाइनेछ।

12.6.4 परिवार तथा समुदायमा बालबालिकाको सहभागिता र बिचारको सुनुवाइको संस्कृतिको विकास गरिनेछ।

12.6.5 विद्यालय, अस्थायी संरक्षण केन्द्र, पुनस्थार्पना केन्द्र, बाल सुधार गृह, वैकल्पिक हेरचाह तथा बालगृहमा बालबालिकाको सहभागिता र विचारको सुनवाइ हुने व्यवस्था लागु गरिनेछ।

12.6.6 बालबालिकालाई सरकारबाट भएका महत्त्वपूर्ण निर्णय, शासन प्रणाली, कानून, नीति तथा कार्यक्रमलगायतका विषयमा सूचना र जानकारी दिन बालमैत्री सूचना सामग्री निर्माण गरी विभिन्न माध्यमबाट प्रचारप्रसार गरिनेछ।

12.6.7 बालबालिकाको सृजनात्मक अभिव्यक्ति र बालबालिकाद्वारा सञ्चालन हुने सचेतना अभियानलाई सहयोग तथा प्रोत्साहन गरिनेछ।

12.6.8 सूचना प्रविधिको माध्यमबाट बालबालिकामा पर्न सक्ने गलत अभ्यासको प्रभावबाट जोगाउन तथा उमेरअनुसार बालबालिकामा आउने परिवर्तन, मनोभावनाका विषयमा बालबालिकाले खुलेर आफ्ना अविभावकसँग कुरा गर्न सक्ने वातावरण निर्माण गरिनेछ।

**रणनीति 11.९: बालबालिकाको सर्वोत्तम विकासका लागि पोषण योजना कार्यान्वयन गरी कुपोषण न्यूनीकरण गर्ने।**

9.1 बालस्वास्थ्य, पोषण एवं बालबालिकाको मानसिक स्वास्थ्य सुधारका लागि निरोधात्मक, उपचारात्मक तथा प्रवर्धनात्मक उपाय अपनाइनेछ। खोप एवं उपचार सेवामा सबै बालबालिकाको पहुँच बढाइनेछ।

9.2 बजारमा उपलब्ध बालबालिकाको प्रयोगमा आउने खाद्य सामग्री तथा अन्य वस्तुको गुणस्तर नियमन कार्य नियमित र प्रभावकारी बनाइनेछ।

९.३ बालबालिकामा पोषणको अवस्था सुधार गर्ने हाल सामुदायिक विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमको दायरा विस्तार गरी कार्यान्वयन र अनुगमनमा स्थानीय तहको भूमिका प्रभावकारी बनाइनेछ।

**१३. संस्थागत संरचना**

(□) यस नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नको लागि प्रदेश सरकार र स्थानीय तहसँग समन्वय तथा सहजीकरण गर्न, नीति कार्यान्वयनको अनुगमन तथा मूलप्रवाहीकरण गर्न र नीतिमा समसामयिक सुधारलगायत नीतिगत सहजीकरण गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको संयोजकत्वमा देहाय बमोजिमको राष्ट्रिय निर्देशक समिति रहनेछ।

मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ..................... संयोजक

मन्त्री, प्रदेश सरकारका बालबालिकासम्बन्धी विषय हेर्ने मन्त्रालय............... सदस्य

सदस्य, राष्ट्रिय योजना आयोगको सामाजिक क्षेत्र हेर्ने ............................... सदस्य

सचिव, गृह मन्त्रालय .................................................................. सदस्य

सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सामाजिक क्षेत्र हेर्ने....... सदस्य

सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ....................... सदस्य

सचिव, शिक्षा, विज्ञान तथा प्रबिधि मन्त्रालय.......................................... सदस्य

सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय............................... सदस्य

सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ......................... सदस्य

सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय............................................. सदस्य

सदस्य-सचिव, राष्ट्रिय बालअधिकार परिषद्............................................ सदस्य

बाल अधिकारको क्षेत्रमा क्रियाशील नागरिक समाजको तर्फबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तोकेको कम्तीमा १ जना महिला सहित २ जना .......................................... सदस्य

सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बालबालिका क्षेत्र हेर्ने.......................................................... सदस्य-सचिव

(□) यो नीतिको कार्यान्वयनको सहजीकरण महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले गर्नेछ र सहयोगी निकायको भूमिका राष्ट्रिय बाल अधिकार परिषद्ले गर्नेछ।

(□) यो नीतिको कार्यान्वयनका लागि विषयगत मन्त्रालयले आफ्नो विषयसँग सम्बन्धित नीति कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नेछन्।

(□) प्रदेशमा यो नीति कार्यान्वयन, समन्वय तथा अनुगमनको लागि प्रदेशको बालबालिकासम्बन्धी विषय हेर्ने मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ भने प्रदेश बाल अधिकार समितिले यस नीतिको कार्यान्वयनको सहजीकरण गर्नेछ।

(□) प्रदेश तथा स्थानीय तहले यो नीतिको कार्यान्वयन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्नेछन्।

(□) स्थानीय तहमा यो नीति कार्यान्वयन, समन्वय तथा अनुगमनको लागि स्थानीय तहले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ भने स्थानीय बाल अधिकार समितिले यस नीतिको कार्यान्वयनको सहजीकरण गर्नेछ।

## १४. स्रोत परिचालन

बालबालिका क्षेत्रमा तीनओटै तहको सरकारको भूमिका महत्त्वपूर्ण रहनेछ। यो नीतिको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्रोत व्यवस्थापन गरिनेछ। आवश्यकता अनुसार निजी र गैरसरकारी संस्थाको तर्फबाट समेत स्रोत परिचालन गर्न सकिनेछ। नेपाल सरकारको विकास सहायतता नीतिको अधिनमा रही बालबालिकाको क्षेत्रमा हुने वैदेशिक सहायताको परिचालन एकद्वार प्रणालीबाट गरिनेछ। आवधिक योजना तथा मन्त्रालयहरूको वार्षिक विकास कार्यक्रममा यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गरिनेछ।

## १५. अनुगमन तथा मुल्याङ्कन

15.1 नेपाल सरकारका मन्त्रालयहरूसँग आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा आवश्यक समन्वय र सहजीकरण गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय एवं राष्ट्रिय बाल अधिकार परिषद्लाई सक्रिय बनाइनेछ।

15.2 मन्त्रालयले यो नीति तथा दिगो विकास लक्ष्यअनुरूप बालबालिकासम्बन्धी रणनीतिक कार्ययोजना तर्जुमा गरी लागु गर्न सक्नेछ। मन्त्रालयले बालबालिकासँग सम्बन्धित अन्य विषयगत नीति, रणनीति, योजना तथा कार्यक्रमको कार्यान्वयनमा समेत सहजीकरण गर्नेछ।

15.3 मन्त्रालय एवं राष्ट्रिय बालअधिकार परिषद्ले प्रदेश र स्थानीय तहमा यो नीतिको कार्यान्वयनको क्रममा समन्वय तथा सहजीकरण गर्नेछ।

15.4 प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय एवं राष्ट्रिय योजना आयोगबाट नीतिको अनुगमन गरिनेछ। सम्बन्धित मन्त्रालय तथा निकायबाट आ–आफ्नो क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा राष्ट्रिय बालबालिका नीतिको कार्यान्वयनको समेत समीक्षा गरी समस्याको पहिचान र समाधान हुने व्यवस्था मिलाइनेछ।

15.5 यो नीतिको कार्यान्वयन प्रभावकारिताको प्रत्येक पाँच वर्षमा मूल्याङ्कन गरी आवश्यकताअनुसार पुनरावलोकन गरिनेछ।

## १६. सम्भावित जोखिम र जोखिम न्यूनीकरणका उपाय

(क) यो नीतिको प्रकृति र स्वरूप बहुआयामिक भएकाले देहायका जोखिम हुनसक्ने अनुमान गरिएको छः-

- □. बालबालिकाको अधिकारसम्बन्धी बुझाइमा विविधता हुन सक्ने।
- □. राष्ट्रिय बालबालिका नीति कार्यान्वयनमा आवश्यक ज्ञान, सिप र क्षमता भएको दक्ष जनशक्ति तथा स्रोत साधनको सीमितता हुन सक्ने।
- □. बालबालिकासम्बन्धी विषय बहुपक्षीय सरोकारको विषय भएकाले समन्वय र सहयोगमा समस्या हुन सक्ने।
- □. राज्यका विभिन्न तह र निकायबीच नीति कार्यान्वयनका लागि आ-आफ्नो भूमिकामा अन्यौल र दोहोरोपना आउन सक्ने।
- □. नीति कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट अपर्याप्त हुन सक्ने।

□. प्राकृतिक तथा अन्य प्रकारका विपद्‌मा बाल अधिकारको प्रत्याभूति गर्ने कार्यमा कठिनाइ आउन सक्ने।

(ख) जोखिम न्यूनीकरणका उपाय:-

□. सङ्घ, प्रदेश तथा स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गरी महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले यो नीतिको कार्यान्वयन कार्ययोजना तयार गर्नेछ। नीति कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कन योजना तर्जुमा गरी लागु गरिनेछ।

□. सङ्घमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेशमा प्रदेश बाल अधिकार समिति र स्थानीय तहमा स्थानीय बाल अधिकार समितिलाई नीति कार्यान्वयन र समन्वयको लागि सम्पर्क बिन्दुको रूपमा क्षमता विकास गरिनेछ।

**१७. खारेजी र बचाउ**

(□) बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ खारेज गरिएको छ।

(□) खण्ड (क) बमोजिमको नीतिबमोजिम भए गरेका काम कारबाही यसै नीतिबमोजिम भए गरेको मानिनेछ।